## सूचना

सि. स. वि नं. ०००१२।०६

कोटाको धागो पैठारी गर्न पाउने इजाजत पाएका धागोको होलसेलरहरूले यो कोटाको धागो यस विभागबाट दररेट पास गरी बिक्री गरी रहेका र बिक्रीगरी सकेका धागोको हिसाब २००६ साल ज्येष्ठ २० गतेसम्मको एकैचोटी यही २५ गतेसम्ममा र त्यसपछि १।१ महीनामा हरेक महीनाको १ गतेदेखि ५ गतेसम्म मा यस विभागमा बुझाउन ल्याउनु होला । लेखिएबमोजिम हिसाब बुझाउन ल्याएन भने ऐनसवाल नियम रूलबमोजिम सजाँय सहने बेहोर्न पर्नेछ ।

डाइरेक्टर
सिभिल सप्लाइज विभाग

## सूचना

सि. स. वि. नं. ०००१२।०६

नेपाल ट्रेडर्स मार्फत भाजुकृष्ण देवकृष्णले पैठारी गरेको एडहक् कोटाको निम्न लेखिएका नम्बर नम्बरका धागोको मोल होलशेल प्राइस रिटेलर प्राइसर निम्न लेखिए बमोजिम कायम हुन आएकोले सर्वसाधारण जनतामा विदित गर्न सूचना प्रकाश गर्ने काम भएको छ तानमा बुनी काम गर्नेहरू र खुद्रा बिक्री गर्ने रिटेलर्सहरू समेतले सो धागो सस्तो र महंगो दुवै नम्बरको दामासाहीले ली काम गर्ने र बिक्री गर्ने इच्छाहुनेले आगामी २००६ साल ज्येष्ठ ६ गतेभित्र यस विभागमा आउनु होला ।

| धागो नम्बर | पोका १ को होलसेलर मोल मोहरु --- --- --- | रिटेलर मोल मोहरु ---- |
|---|---|---|
| १० | २४।५० | २६।१२।१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ६ | २३। | २४।५२।१ |
| १४ | २७।५५ | २६।२७।१ |
| २० | ३१।२२ | ३३।२८।२ |
| २।१० | २५।६५ | २७।५१ |
| २।२० | ३४।६२ | ३६।६२।१ |
| ३२ | ३५। | ३७।३।१।३ |
| २।२४ | ६२।३१ | ६६।४३।३ |

## उद्योग विभाग नं. ६।०६

कम्पनीको वासलात

६।६ महीनामा पेश गर्नुपर्छ

नेपाल कम्पनी कानूनको १०२ दफाबमोजिम ६।६ महीनामा कम्पनीले आमदानी खर्चको वासलात खडा गरी संचालक समितिमा पेश गरी संचालक समितिको रायसहित सो वासलात तालुक अड्डामा पठाउनु पर्छ भन्ने नियम मुताविक आजसम्म कुनै कम्पनीले पनि कार्रवाई नगरेको देखिएकोले यो सूचना प्रकाशित गर्ने काम भएको छ। गत सालको पछिल्लो ६ महीनाको वासलात आगामी महीनाको पहिलो सप्ताहभरमा यस विभागमा रीतपूर्वक दाखिल गरी अब उप्रान्त ६।६ महीनाको वासलात सातौं महीनाभरमा दाखिल गर्ने काम गरे बेसहोला। अन्यथा उक्त कानूनको १०२ घ दफाबमोजिम गर्नुपर्ने कार्रवाई यस विभागबाट अबिलम्ब गरिनेछ।

उद्योग विभाग सिंहदरवार

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।